# इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

(शिक्षा, युवा तथा खेलकुद शाखा)

कोशी प्रदेश, नेपाल।

प.स. २०८०/८१
च.नं. ६३०८

मिति २०८१।०२।२८

श्री सबै संस्थागत विद्यालयहरू,
इटहरी उपमहानगरपालिका, सुनसरी ।

**विषयः छात्रवृत्ति वितरणको विवरण पेस गर्ने सम्बन्धमा ।**

**(दोस्रो पटक प्रकासित सूचना)**

प्रस्तुत विषयमा यस उपमहानगरपालिकाअन्तर्गत सञ्चालित सम्पूर्ण संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०८१ मा शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम १५१ तथा इटहरी उपमहानगरपालिकाको शिक्षा ऐन, २०७९ को नियम ९० मा व्यवस्था भएबमोजिम विद्यालय (कक्षा पूर्व प्राथमिक देखि कक्षा १० सम्म) मा भर्ना भएका बालबालिकाहरुमध्ये गरिब, अपाङ्ग, महिला, दलित र जनजाति, विद्यार्थीहरुलाई विद्यालयले उपलब्ध गराउनुपर्ने नियमानुसार (प्रत्येक कक्षाका लागि कम्तिमा १०% का दरले) कुल विद्यार्थी सङ्ख्या को कम्तीमा दश प्रतिसत (१०%) छात्रवृत्ति उपलब्ध गराइएको विवरण विद्यालयको IEMIS-२०८१ मा पछि फरक नपर्ने गरी देहायअनुसारको ढाँचामा तयार गरी १५ दिन भित्रमा शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य पेस गर्नुहुन भनि यस कार्यालयको च.नं. १६७, मिति २०८१।०२।०३ गतेको पत्रबाट माग भएको र हाल सम्म केहि विद्यालयहरूको मात्र रित पूर्वक छात्रावृत्ति वितरणको विवरण पेश गर्नु भएको हुदाँ पेश गर्न बाँकि विद्यालयहरूले १५ दिन भित्रमा छात्रावृत्तिको विवरण अनिवार्य रूपमा पेश गर्नुहुन अनुरोध छ। अन्यथा नियमानुसार हुने व्यहोरा अनुरोध छ। साथै छात्रावृत्ति आवेदन फाराम यसै साथ संलग्न गरिएको छ ।

*पुनश्चः छात्रवृत्ति व्यवस्थापन समितिको छात्रवृत्ति आवेदनको निर्णय र छात्रवृत्ति छनोट सम्बन्धि निर्णय अनिवार्य रूपमा पेस गर्नुपर्ने छ।*

द्रोण प्रसाद दाहाल
(शाखा प्रमुख)

सादर अवगतार्थः
श्रीमान् नगर प्रमुखज्यू, इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी ।
श्रीमान् नगर उपप्रमुखज्यू, इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी ।
बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा, सूचना Website मा अपलोड गरिदिनुहुन ।

CamScanner